# आ.व. २०७३/७४ को बजेट तथा कार्यक्रम तयार गर्ने सम्वन्धी स्थानीय निकायहरुलाई मार्गदर्शन

हालै मात्र नेपालको संविधान २०७२ लागू भई नेपाल संघीय लोकतान्त्रिक गणतन्त्रात्मक अवस्थामा प्रवेश गरिसकेको छ। तर स्थानीय निकायहरूको पुनर्संरचना भइनसकेको अवस्थामा स्थानीय स्वायत्त शासन ऐन,२०५५ को दफा १९५ बमोजिम आगामी आ.व. २०७३/७४ को लागि जिल्लास्तरीय बजेट र कार्यक्रम तर्जुमा गर्ने सन्दर्भमा साविकमा जस्तै आयोगबाट बजेट सीमा सहित यो मार्गदर्शन तर्जुमा गरिएको छ । मार्गदर्शनमा उल्लेखित विषयहरूलाई मध्यनजर गर्दै वार्षिक कार्यक्रम तर्जुमा गरी स्थानीय स्वायत्त शासन ऐन, २०५५ को दफा १८५ अनुसार फाल्गुण मसान्तभित्रै जिल्ला परिषद्को बैठक सम्पन्न गरी परिषद्बाट पारित वार्षिक विकास कार्यक्रमलाई चालु आ.व.को चैत्र १० गते भित्र यस आयोग र सम्बन्धित मन्त्रालयमा पुग्ने गरी पठाउन समेत अनुरोध गरिएको छ ।

**क. समष्टिगत मार्गदर्शनः**

१. जिल्लास्तरीय वार्षिक विकास कार्यक्रम तर्जुमा गर्दा हालै मात्र संयुक्त राष्ट्र संघले पारित गरेका दिगो विकासका लक्ष्यहरू (SDGs) को अवधारणा तथा भू-कम्पपछिको पूनःनिर्माणको आवश्यकतालाई प्राथमिकता दिने ।

२. विपद् पछिको आवश्यकता आँकलन (Post Disaster Needs Assessment - PDNA) प्रतिवेदनले उल्लेख गरे अनुसार विनासकारी भू-कम्पबाट अति प्रभावित १४ जिल्ला तथा आंशिक प्रभावित १७ जिल्लामा हुने पुनर्निर्माण र पुनर्स्थापना कार्यक्रमलाई उच्च प्राथमिकता दिने ।

३. जिल्ला विकास समितिले स्थानीय निकायहरु, क्षेत्रगत सरकारी कार्यालयहरु, जिल्लामा क्रियाशील गैरसरकारी संघ संस्थाहरु, दातृ निकायका स्थानीय एकाईहरु, नागरिक समाज एबम् निजी क्षेत्रबाट लगानी हुने साधन स्रोतको एकीकृत विवरण तयार गरी सबै साझेदार र सरोकारवालाहरुसँग अन्तर्क्रिया र समन्वय गरी वार्षिक विकास योजना तर्जुमा गर्ने कार्यको अगुवाई गर्ने ।

४. जिल्ला विकास समिति र जिल्लास्थित क्षेत्रगत कार्यालयका सम्पूर्ण कार्यक्रमहरुलाई समेटी स्थानीय स्वायत्त शासन ऐन, २०५५ तथा नियमावली, २०५६ लाई समेत आधार मानी एकीकृत रुपमा वार्षिक विकास योजना तर्जुमा गर्ने । यस कार्यमा क्षेत्रगत निकायहरुले आवश्यक प्राविधिक सहयोग जिल्ला विकास समितिलाई उपलब्ध गराउने ।

५. वैदेशिक सहयोगमा संचालित आयोजनाहरुको हकमा नेपाल सरकारको विकास सहायता नीति २०७१, तथा दातृ निकायसँग भएको सम्झौता अनुरुप हुने गरी कार्यान्वयन गर्ने व्यवस्था मिलाउने ।

६. नेपाल पक्ष भएका महिला, बालबालिका, अपाङ्गता भएका व्यक्ति र आदिवासी / जनजातिसँग सम्बन्धित अन्तर्राष्ट्रिय सन्धी सम्झौतामा उल्लेख भएका विषयमा राष्ट्रिय दायित्व पूरा गर्न सहयोग पुग्ने खालका कार्यक्रमलाई प्राथमिकताका साथ समावेश गर्ने ।

७. स्थानीय तहमा सञ्चालन हुने विकास कार्यक्रममा विभिन्न किसिमका विपदबाट हुनसक्ने क्षति कम गर्ने उपाय अवलम्वन गरी नयाँ विकास निर्माणले जोखिम थप हुने अवस्था सिर्जना गर्न नहुने ।

८. जिल्लाको आवधिक योजना, क्षेत्रगत गुरुयोजना वा रणनीतिक योजना (जस्तै कृषि, उद्योग, पर्यटन, सडक, विपद्, जलवायु, वातावरण आदि) तयार भइसकेको भए ती योजनाहरुलाई समेत आधार मानेर वार्षिक विकास कार्यक्रम तर्जुमा गर्ने ।

९. चालु खर्च सकेसम्म न्यून गर्ने । राजनैतिक प्रकृतिका आयोजनाहरूलाई बजेट नछुट्याउने ।

१०. विकाससँग सम्बन्धित आयोजना छनौटदेखि अनुगमन / मूल्याङ्कन गर्ने सम्मका सबै चरणमा अनिवार्य रुपमा महिला, दलित, अपांगता भएका व्यक्ति एवं विपन्न वर्ग समेतका सेवाग्राही एवं लक्षित परिवारको सहभागिताको सुनिश्चितता कायम गरी तिनीहरुलाई प्रत्यक्ष लाभ पुग्ने गरी वातावरणमैत्री, सीपमूलक एवं रोजगारमूलक कार्यक्रमहरुको तर्जुमा गरी प्रभावकारी कार्यान्वयनको ब्यवस्था मिलाउने ।

११. नयाँ घोषणा गरिएका नगरपालिकाहरुको भौतिक तथा अन्य पूर्वाधार विकासलाई प्राथमिकता दिने ।

१२. विपद् जोखिम न्यूनीकरण सम्बन्धमा स्थानीय तहको बहु प्रकोप जोखिम लेखाजोखा गर्ने, वहु प्रकोप जोखिम संवेदनशील योजना तथा विपद् / जलवायु जोखिम व्यवस्थापन योजना बनाउने र यस्ता योजनाहरूले निर्दिष्ट गरेका प्राथमिकताहरू स्थानीय विकास योजनामा मुल प्रवाहीकरण गर्न सबै सरोकारवालाहरूलाई परिचालन गर्ने ।

१३. विपद् जोखिम व्यवस्थापनका लागि विपद् पूर्वतयारी, विपद् न्यूनीकरण / अल्पीकरण, विपद् प्रतिकार्य तथा विपद् पुनर्लाभ / पुनर्निर्माण सम्बन्धी कार्यहरू पहिचान गरी स्थानीय तहको योजनाहरुमा समावेश गर्ने ।

१४. विपद् तथा जलवायुजन्य जोखिम न्यूनीकरण एवं वातावरण संरक्षणका लागि स्थानीय निकायको आन्तरिक श्रोतको निश्चित रकम विनियोजन गर्ने व्यवस्था मिलाउने र यस सम्बन्धी कार्यक्रमहरू स्थानीय योजना तर्जुमा प्रक्रियामा समावेश गराउने ।

१५. नयाँ आयोजना प्रस्ताव गर्दा अनुसूचि १ मा संलग्न फाराम भरी अनिवार्य रुपमा स्वीकृत भएको हुनुपर्ने । साथै, उक्त प्रस्तावमा आयोजनाको लागत, समयअवधि, लाभको परिमाण र गुणस्तर स्पष्ट भएको हुनुपर्ने । समय अवधि किटान नभएको आयोजनालाई प्रस्ताव नगर्ने ।

१६. भवन निर्माण सम्बन्धी कार्यक्रम बनाउँदा जग्गाको उपलब्धता नभई बजेट छुट्याउने कार्यलाई रोक्ने। जग्गा निश्चित नभई बजेट नछुट्याउने ।

## ख. आयोजनाको तर्जुमा एवम् छनौट सम्बन्धमा

१७. विकास आयोजनाहरुको छनौट गर्दा आयोजनाको सर्वेक्षण, ड्रईङ्ग, डिजाईन तथा लागत इस्टीमेट लगायत सम्पूर्ण योजना प्रकृया पुरा भएका आयोजनाहरू मात्र समावेश गर्ने ।